# निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८

नेपाल राजपत्रमा प्रकाशित मिति

**संशोधन** २०५८।१०।२५

१. निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (पहिलो संशोधन) नियमावली, २०६३ २०६३।६।३०

२. निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (दोस्रो संशोधन) नियमावली, २०६४ २०६४।९।२२

३. निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) (तेस्रो संशोधन) नियमावली २०६५ २०६५।११।१९

आर्थिक कार्यविधि ऐन, २०५५ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "निर्वाचन क्षेत्र विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०५८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

[१](क) "संविधानसभा सदस्य" भन्नाले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ६३ को उपधारा (३) मा व्यवस्था भए बमोजिमका संविधानसभा सदस्य सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले निर्वाचन क्षेत्र विकास कार्यक्रम र सो अन्तर्गत सञ्चालन हुने आयोजना, योजना समेत सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले स्थानीय विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "सचिव" भन्नाले जिल्ला विकास समितिको सचिव सम्झनुपर्छ।

(ङ) "उपभोक्ता समिति" भन्नाले स्थानीय स्तरमा सञ्चालन हुने भनी नेपाल सरकार वा अन्य निकायले निर्धारण गरेको कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूले

१ तेस्रो संशोधनद्वारा संशोधित।



नेपाल कानून आयोग

त्यस्तो कार्यक्रमको सञ्चालन र मर्मत सम्भार गर्न आफूहरूमध्येबाट छानिएका व्यक्तिहरू रहने गरी [२]सम्बन्धित संसद सदस्य वा निजको प्रतिनिधि वा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको प्रतिनिधिको रोहवरमा गठन गरेको समिति सम्झनु पर्छ ।

३. **कार्यक्रमको छनौट** : [३](१) नेपालको अन्तरिम संविधान,२०६३ को धारा ६३ को उपधारा (३) को खण्ड (क) बमोजिमका पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित संविधानसभा सदस्यले आफू निर्वाचित भएको जिल्लाको निर्वाचन क्षेत्र र सोही उपधाराको खण्ड (ख) बमोजिम समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुने तथा खण्ड (ग) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्बाट मनोनयन हुने संविधानसभा सदस्यले निजले रोजेको कुनै एक जिल्लाको निर्वाचन क्षेत्रहरूमा कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) उपनियम (१) बमोजिम सञ्चालन हुने कार्यक्रमको छनौट संसद सदस्य वा निजको प्रतिनिधिले गर्नेछ ।

[४](३) उपनियम (२) बमोजिम कार्यक्रम छनौट गर्दा एक वर्षभित्र कार्यान्वयन गर्न सकिने [५]पचास हजार रुपैयाँ भन्दा बढी लागत भएका कार्यक्रम छनौट थरी अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका समेत बनाई सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा प्रत्येक आर्थिक वर्षको  पहिलो चौमासिक भित्र पेश गरिसक्नु पर्नेछ ।

[६]तर आर्थिक वर्ष २०६५/६६ को लागि सम्वत् २०६५ साल माघ मसान्तसम्म कार्यक्रम पेश गर्न सकिनेछ ।

(४) उपनियम (२) बमोजिम प्राप्त भएको कार्यक्रमको प्रतिलिपि सहित सम्बन्धित जिल्ला विकास समितिको कार्यालयले एक महिनाभित्र रकम निकासाका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिमको अवधिभित्र कार्यक्रम पेश नगरेमा वा उपनियम (४) बमोजिम रकम निकासा माग नभएमा यो नियम बमोजिमको रकम निकासा हुने छैन ।

---

[२] पहिलो संशोधनद्वारा थप ।

[३] तेस्रो संशोधनद्वारा संशोधित ।

[४] दोस्रो संशोधनद्वारा संशोधित ।

[५] तेस्रो संशोधनद्वारा संशोधित ।

[६] तेस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

(६) उपनियम (२) बमोजिम छनौट गरिने कार्यक्रम देहाय बमोजिमको हुनु पर्नेछ :-

(क) आवधिक जिल्ला विकास योजना र अन्य क्षेत्रगत योजनाको परिधिभित्र परेको,

(ख) महिला, बालबालिका, दलित, [७]अपाङ्ग, मधेशी, मुस्लिम, पिछडा समुदाय तथाविपन्न वर्गको उत्थान र विकास सम्बन्धी,

[८](ख१) श्रममा आधारित योजना,

(ग) कम्तीमा बीस प्रतिशत जनसहभागिता हुने ।

४. **कार्यक्रमको किसिम** : (१) कार्यक्रमको किसिम देहायबमोजिम हुनेछ :-

(क) सिंचाई, खानेपानी, बाटो, पुल, विद्यालय आदि जस्ता भौतिक पूर्वाधार एवं सांस्कृतिक तथा धार्मिक विकास र मर्मत सम्बन्धी,

(ख) आयमूलक तालिक तथा शिप विकास सम्बन्धी,

(ग) शिक्षकको पारिश्रमिक, खेलकूद विकास तथा शैक्षिक सामग्री [९]........ सम्बन्धी,

(घ) स्वास्थ्य सेवा, स्वास्थ्य सम्बन्धी उपकरण तथा औषधि सम्बन्धी,

[१०](ङ) कुनै स्वीकृत कार्यक्रममा समायोजन कोष (म्याचिङ फण्ड) सम्बन्धी ।

[११]..................

[१२](१क) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रम वापतको रकम देहायको कार्यमा खर्च गर्ने गरी कार्यकम छनौट तथा सञ्चालन गर्न सकिने छैन :-

(क) दामासाहीले बाँडफाँड गरी वितरण गर्ने,

---

७ तेस्रो संशोधनद्वारा संशोधित ।

८ तेस्रो संशोधनद्वारा थप ।

९ तेस्रो संशोधनद्वारा झिकिएको ।

१० तेस्रो संशोधनद्वारा थप ।

११ पहिलो संशोधनद्वारा झिकिएको ।

१२ तेस्रो संशोधनद्वारा थप ।

नेपाल कानून आयोग

(ख) कुनै राजनीतिक दल वा तिनीहरूका भातृ संघ संगठन, कुनै संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) कुनै गैर सरकारी संघ संस्था वा व्यक्तिलाई आर्थिक सहायता दिने,

(ग) शिक्षा मन्त्रालयबाट निर्धारित मापदण्ड विपरीत कुनै विद्यालयको शिक्षकको पारिश्रमिक दिने ।

(१ख) यस नियमबमोजिम कार्यक्रम छनौट गर्दा कम्तीमा पचास प्रतिशत रकम पूर्वाधार निर्माणमा खर्च गर्ने गरी छनौट गर्नु पर्नेछ ।

(१ग) यस नियमावली बमोजिम कार्यक्रम छनौट गर्दा एक आर्थिक वर्षमा बढिमा सात वटासम्म कार्यक्रम छनौट गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिमका कार्यक्रम गैरसरकारी संस्था तथा अन्य निकाय सँग [१३]साझेदारी तथा समन्वय गरी सञ्चालन गर्न सकिनेछ ।

५. **प्रतिनिधि तोक्न सक्ने** : कार्यक्रमको तर्जुमा, सञ्चालन सम्बन्धी कार्य गर्नको लागि संसद सदस्यले प्रतिनिधि तोक्न सक्नेछ । यसरी प्रतिनिधि तोकिएकोमा सो को जानकारी सम्बन्धित जिल्ला विकास समितिलाई दिनु पर्नेछ ।

६. **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन** : (१) नियम ३ बमोजिम छनौट भएका कार्यक्रम अनुसूची-२ बमोजिमको ढाँचामा सम्बन्धित जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरेको कार्यक्रम सञ्चालन र कार्यान्वयन गर्दा जिल्ला विकास समितिको कार्यालयले जन सहभागितालाई प्राथमिकता दिई स्थानीय उपभोक्ता समूह, सरकारी कार्यालय वा गैरसरकारी संस्था मार्फत गर्नुपर्नेछ ।

(३) भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित विषयको प्राविधिकले तयार गरेको लगत इष्टिमेट बमोजिम, अन्य कार्यक्रमको हकमा सम्बन्धित संस्थाले तयार गरेको प्रस्तावलाई [१४]संसद सदस्य वा निजको प्रतिनिधिको सिफारिश साथ र संसद सदस्य आफैले तयार पारेको कार्यक्रम भए सो

---

[१३] पहिलो संशोधनद्वारा थप ।

[१४] पहिलो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

समेत उल्लेख गरी जिल्ला विकास समितिको कार्यालयमा कार्यान्वयनको लागि पेश गर्नुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्राप्त हुन आएका कार्यक्रमको आधारमा जिल्ला विकास समितिको कार्यालयले [१५]सम्बन्धित निकायसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयनको लागि आवश्यक बजेट निकासा दिनु पर्नेछ ।

[१६](४क) यस नियमावली बमोजिम पेश भएको कार्यक्रमको लागि विनियोजित रकम सम्बन्धित गाउँ विकास समितिमा सिधै पठाउन सकिनेछ ।

(५) जिल्ला विकास समितिको कार्यालयले कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन गर्दा सम्बन्धित ससंद सदस्यबाट पेश भएको अनुसूची-१ बमोजिमको कार्यान्वयन तालिका बमोजिम कार्यान्वयन गर्नु गराउनु पर्नेछ ।

(६) कार्यक्रमको कार्यान्वयन, रेखदेख तथा जाँचपास गर्ने सम्बन्धमा आवश्यक पर्ने प्राविधिक सहयोग आवश्यकता अनुसार जिल्ला विकास समितिको कार्यालय वा जिल्ला स्तरीय सरकारी कार्यालयले उपलब्ध गराइदिनु पर्नेछ ।

[१७](७) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम सम्बन्धित जिल्ला विकास समितिले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

७. **अख्तियारी पठाउने व्यवस्था र खाता सञ्चालन** : [१८](१) नेपाल सरकार, अर्थ मन्त्रालयले [१९]स्थानीय विकास अधिकारीलाई रकम खर्च गर्ने अख्तियारी पठाई सोको जानकारी स्थानीय विकास मन्त्रालय र सम्बन्धित संसद सदस्यलाई दिनु पर्नेछ ।

[२०]......................

(३) उपनियम (१) बमोजिम नेपाल सरकारबाट प्राप्त रकम खर्च गर्नको लागि कार्यक्रमको नाममा छुट्टै बैंक खाता खोली सो रकम उक्त बैंक खातामा जम्मा गर्नु पर्नेछ ।

---

१५ पहिलो संशोधनद्वारा थप ।

१६ तेस्रो संशोधनद्वारा थप ।

१७ पहिलो संशोधनद्वारा थप ।

१८ पहिलो संशोधनद्वारा संशोधित ।

१९ दोस्रो संशोधनद्वारा संशोधित ।

२० पहिलो संशोधनद्वारा झिकिएको ।

नेपाल कानून आयोग

(४) उपनियम (३) बमोजिमको खाताको सञ्चालन सचिव र जिल्ला विकास समितिको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) उपनियम (१) बमोजिमको रकम खर्च गर्दा नियम ६ को उपनियम (१) बमोजिम पेश भएका कार्यक्रम बाहेक अन्यत्र खर्च गर्न पाईने छैन ।

[२१](५क) यस नियमावली बमोजिम कार्यान्वयन गरिने कार्यक्रमको लागि पहिलो किस्ता वापतको रकम निकासा भएपछि सोको आवधिक मूल्यांकन सहितको प्राविधिक प्रतिवेदन प्राप्त नभएसम्म सोही कार्यक्रमको बाँकी किस्ता वापतको रकम निकासा गरिने छैन ।

(६) प्रतिनिधिसभाका सदस्यले नियम ६ को उपनियम (१) बमोजिम कार्यक्रम पेश गरिसकेपछि प्रतिनिधिसभा [२२]विघटन वा कार्यकाल समाप्त भएपनि उक्त कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

तर कार्यक्रम पेश नगर्दै कुनै कारणले प्रतिनिधिसभाको सदस्य नरहेमा उक्त रकम स्वतः फ्रिज हुनेछ ।

[२३](७) उपनियम (१) बमोजिम प्राप्त रकम आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई बाँकी रहेमा त्यस्तो रकम सम्बन्धित जिल्ला विकास समितिले कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाउनु पर्नेछ ।

८. **प्रशासनिक खर्चको व्यवस्था** : (१) कार्यक्रमको कुल रकमको [२४]पाँच प्रतिशतसम्म प्रशासनिक कार्यका लागि खर्च गर्न सकिने छ । त्यस्तो रकम जिल्लाको सदर मुकाम [२५].........मा खुलेको संसद सदस्यको सम्पर्क कार्यालयको सञ्चालनको निमित्त मसलन्द र संसद सदस्यको प्रतिनिधि, संसद सदस्यद्वारा संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्त भएको तथा अनुगमन कार्यका लागि खटाइएको व्यक्तिको पारिश्रमिक एवं सम्पर्क कार्यालयको घर भाडा लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम प्रशासनिक कार्यका लागि छुट्याइएको रकम संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिले प्रत्येक किस्तामा प्राप्त

---

[२१] तेस्रो संशोधनद्वारा थप ।

[२२] तेस्रो संशोधनद्वारा संशोधित ।

[२३] पहिलो संशोधनद्वारा थप ।

[२४] तेस्रो संशोधनद्वारा संशोधित ।

[२५] दोस्रो संशोधनद्वारा झिकिएको ।





नेपाल कानून आयोग

रकमको हिसाब बुझाए पछि अर्को किस्ता पाउनेगरी जम्मा तीन किस्तामा निकासा दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम छुट्याइएको रकमको परिधिभित्र रही खर्च गरिएको रकमको विवरण संसद सदस्यको प्रतिनिधि वा संसद सदस्यको सम्पर्क कार्यालयमा काम गर्न नियुक्ति पाएको व्यक्तिले जिल्ला विकास समितिको कार्यालयमा पठाउनु पर्नेछ । सचिवले प्राप्त भएको विवरण हेरी त्यस्तो खर्चलाई नियमानुसार फछ्र्यौट र फरफारक गर्नुपर्नेछ ।

[२६]..........................

[२७](५) कार्यक्रममा प्राविधिक सहयोग पुऱ्याउन जिल्ला विकास समितिको कार्यालयले हिमाली जिल्लाको हकमा तीन प्रतिशत र अन्य जिल्लाको हकमा एक दशमलव पाँच प्रतिशतसम्म रकम कट्टा गरी राख्नेछ ।

[२८](६) उपनियम (५) बमोजिमको रकम निर्माण कार्यको सुपरिवेक्षण एवं अनुगमन र मसलन्द सम्बन्धी कार्यमा मात्र खर्च गर्न सकिनेछ ।

[२९]**८क. अनुगमन तथा मूल्यांकन** : (१) स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ ले गरेका व्यवस्था बमोजिम कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गरिनेछ ।

(२)संविधानसभाका सम्बन्धित सदस्यले आफ्नो सिफारिसमा कार्यान्वयन गरिएका कार्यक्रमको वर्षमा कम्तीमा एक पटक अनुगमन गरी सो को प्रतिवेदन जिल्ला विकास समितिमा दिनु पर्नेछ ।

(३) जिल्ला विकास समितिले कार्यक्रमको अनुगमन गरी सो विवरण चौमासिक रूपमा मन्त्रालयमा पठाउनु पर्नेछ

**९. कार्यक्रममा भएको खर्चको फछ्र्यौट र फरफारक** : (१) कार्यक्रममा भएको खर्चको बील भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समिति वा कार्य सम्पन्न गर्ने निकायले जिल्ला विकास समितिको कार्यालयमा पेश गर्नुपर्ने छ ।

---

[२६] पहिलो संशोधनद्वारा झिकिएको ।

[२७] पहिलो संशोधनद्वारा संशोधित ।

[२८] पहिलो संशोधनद्वारा संशोधित ।

[२९] तेस्रो संशोधनद्वारा थप ।





नेपाल कानून आयोग

[३०](२) उपनियम (१) बमोजिम हिसाब फछ्र्यौटका लागि कागजात प्राप्त भएपछि सचिवले उपनियम (३) बमोजिमको समितिमा जाँचपासका निम्ति पेश गर्नु पर्नेछ ।

(३) सचिव, योजना अनुगमन तथा प्रशासकीय अधिकृत, जिल्ला विकास समितिको प्राविधिक प्रमुख समेत रहेको समितिले सञ्चालित कार्यक्रम वा योजनाको जाँचपास र फरफारक गर्ने छ ।

[३१](४) उपनियम (२) बमोजिम जाँचपासका लागि पेश भएपछि सो समितिले सम्बन्धित प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामका सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम खटिईएको कर्मचारीले खर्च अनुसारको काम भएको वा नभएको प्रतिवेदन दिनु पर्नेछ र खर्च अनुसारको काम भएको प्रतिवेदनको आधारमा समितिले त्यस्तो कामको जाँचपास गरिदिन सकनेछ ।

(६) उपनियम (५) बमोजिम समितिबाट जाँचपास भैसकेपछि सचिवले प्रचलित कानुन बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सोको जानकारी सम्बन्धित संसद [३२]संविधानसभा सदस्यलाई दिनेछ र त्यस्तो हिसाबको विवरण चौमासिक रूपमा सार्वजनिक गर्नेछ ।

१०. **पेश्की फछ्र्यौट गर्नुपर्ने** : (१) संसद सदस्यको सिफारिश बमोजिम लिएको पेश्की रकम काम सम्पन्न गरी आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०५६ बमोजिमको म्याद भित्रै फछ्र्यौटको लागि सचिव समक्ष पेश गर्नुपर्ने ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको खर्चको फाँटवारी नियम बमोजिम फछ्र्यौट गरी संसद सदस्यलाई जानकारी दिनु सचिवको कर्तव्य हुनेछ ।

[३३]**११. लेखा र लेखापरीक्षण** : (१) अर्थ मन्त्रालयबाट अख्तियारी बमोजिमको प्राप्त रकमको लेखा र लेखापरीक्षणको श्रेस्ता जिल्ला विकास समितिको कार्यालयले राख्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखापरीक्षण स्थानीय निकाय आर्थिक प्रशासन नियमावली बमोजिम गर्नु गराउनु पर्नेछ ।

---

३० पहिलो संशोधनद्वारा संशोधित ।

३१ पहिलो संशोधनद्वारा थप ।

३२ तेस्रो संशोधनद्वारा संशोधित ।

३३ दोस्रो संशोधनद्वारा संशोधित ।



नेपाल कानून आयोग

१२. **प्रगति समीक्षा** : (१) सञ्चालित कार्यक्रमको प्रगति विवरण सचिवले जिल्ला विकास समितिको नियमित समीक्षा बैठकमा पेश गरी प्रगति समीक्षा गर्नु पर्नेछ र सो को जानकारी मन्त्रालयमा पठाउनु पर्नेछ ।

१३. **अनुसूचीमा थपघट तथा हेरफेर** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ ।

१४. **बचाउ** : (१) यस अघि निर्वाचन क्षेत्र विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०५८ बमोजिम भए गरेका काम कारवाहीहरू यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

[३४]........................।

नेपाल कानून आयोग

[३४] पहिलो संशोधनद्वारा झिकिएको ।

**द्रष्टव्य** : दोस्रो संशोधनद्वारा रूपान्तरित भएका शब्दहरू : "प्रतिनिधि सभा" र "संसद" भन्ने शब्दहरूको सट्टा "व्यवस्थापिका-संसद" भन्ने शब्दहरू

तेस्रो संशोधनद्वारा रूपान्तरित भएका शब्दहरू : "व्यवस्थापिका-संसद" भन्ने शब्दहरूको सट्टा "संविधानसभा

# अनुसूची-१

## निर्वाचन क्षेत्र विकास कार्यक्रम

## कार्यक्रम कार्यान्वयन तालिकाको नमूना

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

संविधान सभा सदस्यको नाम :

[३५]................................

.............................

जिल्ला :

| सि. नं. | सञ्चालन हुने कार्यक्रमकको विवरण | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | सञ्चालन हुने गा.वि.स./ न.पा./ वडा नं. टोल | व्यहोरिने लागत रकम रु. | | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रमबाट | लागत सहभागिता | जनसहभागिता | सरकारी | गैसस | अन्य | जम्मा | | |
| | | | | | | | | | | | | | | |

नेपाल कानून आयोग

[३५] दोस्रो संशोधनद्वारा झिकिएको ।

# अनुसूची-२

निर्वाचन क्षेत्र विकास कार्यक्रम

कार्यक्रम प्रस्ताव पेश गर्ने फाराम

(नियम ६ को उपनियम (१) सँग सम्बन्धित)

श्री जिल्ला विकास समितिको कार्यालय,

................................ जिल्ला ।

विषय : कार्यक्रम प्रस्ताव सम्बन्धी विवरण ।

१. आयोजना सञ्चालन गर्ने स्थान :- गा.वि.स./न.पा. ............. वडा नं. ........... टोल ..............

(क) आयोजनाको नाम :-

(ख) आयोजनाको किसिम :-

(ग) लाभान्वित जनसंख्या :-

(घ) अधुरो योजना भए वर्तमान अवस्थाको विवरण :-

(ङ) थप गर्नुपर्ने कार्यको विवरण :-

(च) आयोजना सम्पन्न गर्न लाग्ने अनुमानित समयावधि :-

(छ) आयोजनाको अनुमानित खर्च रु.

(१) कार्यक्रमबाट रु.

(२) उपभोक्ता (जनसहभागिता) बाट रु.

(३) लागत सहभागिताबाट रु.

(४) सरकारी अनुदानबाट रु.

नेपाल कानून आयोग

(५) गैर सरकारी संस्थाबाट रु.

(६) अन्य स्रोतबाट रु.

(ज) कार्यक्रम शुरु हुने मिति :-

(झ) कार्यक्रम सम्पन्न हुने मिति :-

(ञ) उपभोक्ता समिति गठन गरी आयोजना सञ्चालन गरिने भए उपभोक्ता समितिको नामावली :-

(१) अध्यक्ष

(२) उपाध्यक्ष

(३) सचिव

(४) सदस्य

(५) सदस्य

(६) सदस्य

(७) सदस्य

(ट) आयोजना सम्बन्धी अन्य केही भए उल्लेख गर्ने :

संविधान सभा सदस्य वा निजको

प्रतिनिधिको नाम :-

सही :-

[३६]..................................

..................................

जिल्ला :-

मिति :- ...........................

(द्रष्टव्य : कार्यक्रम सम्पन्न भएको पैंतीस दिनभित्र खर्चको विवरण पेश गरिसक्नुपर्नेछ।

[३६] दोस्रो संशोधनद्वारा झिकिएको।

नेपाल कानून आयोग